# आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

## रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०७९

गाउँसभाको बैठकमा मिति २०७९/०३/१० गतेका दिन गाउँपालिका अध्यक्ष
श्री गणेश कुमार के.सी.ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

## त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

**यस गरिमामय गाउँसभाका सदस्यहरु,**

त्रिवेणी गाउँपालिकाको पहिलो गाउँसभा समक्ष आर्थिक वर्ष २०७९/२०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु। यस महत्वपूर्ण घडीमा नेपालको राजनैतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्न हुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा वेपत्ता योद्दाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली जनतामा सम्मान व्यक्त गर्दछु। सात दशक लामो बलिदानपूर्ण संघर्षको विभिन्न काल खण्डमा नेपाली जनतालाई नेतृत्वप्रदान गर्नुहुने श्रद्धय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ। यो संघर्ष र आन्दोलनमा नागरिकले पुऱ्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोऱ्याई रहने छ। कोभिड-१९लगायतका महामारीका कारण नेपाल भित्र र बाहिर जीवन गुमाउनुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु। संक्रमित सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु।

आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो। वि.सं. २०७९ साल बैशाख ३० गते शुक्रबारका दिन सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु। नव निर्वाचित जनप्रतिनिधिहरुबाट जनअपेक्षा अनुसारको शासन, पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै संघीयता कार्यन्वयनमा महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु।

निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले त्रिवेणी गाउँपालिकाको समग्र विकासका लागि जनतासँग गरेका प्रतिबद्धताहरुलाई कार्यरुपमा ल्याउन हामीसँग भएका सीमित स्रोतसाधन, दक्ष जनशक्ति व्यवस्थापनका अफ्ठ्याराहरु, संक्रमणकालीन कानून र विगत वर्षका हाम्रा अनुभवहरुलाई समेत ध्यान दिँदै आम जनतासँग गरेका वचनवद्धता प्रति हामी सदैव प्रतिवद्ध रहने कुरा त्रिवेणीबासी जनसमुदायलाई विश्वास दिलाउन चाहान्छौं। जनताका आधारभूत सेवा सुविधा जनताकै सबैभन्दा निकटका निकायबाट प्रवाह गर्दा बढी प्रभावकारी हुन्छ भन्ने व्यवस्था नै संघिय शासन प्रणाली हो। यसैलाई हामीले टोलटोलमा सिंहदरवार पुर्याउने अभियान भनेका छौं। यसै सन्दर्भमा आजको गाउँसभामा हामी दीर्घकालिन सोच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष ०७९/०८० मा त्रिवेणी गाउँपालिकाले लिनुपर्ने नीति तथा कार्यक्रम तयार गरी गाउँपालिकाको समृद्धिको खाका कोर्ने अवसरमा जुटिरहेका छौं।

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म त्रिवेणी गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछुः-

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु

- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- प्रदेश सरकारले लिएका आर्थिक तथा वित्तिय नीतिहरु
- स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूचि
- स्थानीय तहको आवाधिक योजनाले तय गरेका प्राथामिकताहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य स्थानीय तह सञ्चालन सम्बन्धि ऐन, नियमावलीका प्रावधानहरु
- विकासका समसामयिक मुद्दाहरु दीगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा,लैंगिक सशक्तिकरण तथा समावेशी विकास
- बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्य सम्बन्धित विषयहरु
- निर्वाचनको क्रममा जारी गरिएका प्रतिवद्धता पत्रहरु
- विगत आर्थिक वर्षहरुमा त्रिवेणी गाउँपालिकाले तयार पारेका नीति कार्यक्रम तथा योजनाहरु
- बस्ती स्तरबाट आएका सुझावहरु
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुका सल्लाह तथा सुझावहरु।

**गाउँसभाका सदस्यहरु,**

- त्रिवेणी गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन्,
- जनताको मौलिक हकको रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने,
- जनतालाई आत्मनिर्भरता तिर उन्मुख गराउन रोजगारीका नयाँ स्रोतको खोजी गर्ने र त्रिवेणीबासीको क्षमताको उच्चतम उपयोग गरी समृद्ध पालिका बनाउने,
- सीमित स्रोत साधनका बावजुद पनि भौतिक एवं सामाजिक विकासको पूर्वाधार विकास गरी समृद्ध त्रिवेणी गाउँपालिका निर्माण गर्ने,
- आर्थिक सम्वृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण सहितको मानवीय विकास गर्ने,
- कृषि सहकार्य समूह, श्रम सहकारी समूह र अन्य सहकारी मार्फत आयआर्जन बृद्धि गरी गरिवी अन्त्य गर्ने र रोजगारी श्रृजना गरी बेरोजगारी हटाउने,
- कोभिड-१९ लगायतका महामारी नियन्त्रण, रोकथाम र व्यवस्थापनको लागि पूर्व तयारी गर्ने,
- व्यापक युवा परिचालनको माध्यमबाट रोजगारी श्रृजना गर्ने, आफू सँग भएको साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने,
- विकासका पूर्वाधारको गुणस्तरीयता कायम गर्ने,
- गरिवी उन्मुलन गर्ने, रोजगारी श्रृजना गर्ने,

- अभिलेखिकरण तथा तथ्यांक व्यवस्थापनलाई विशेष ध्यान दिइने छ,
- एकिकृत त्रिवेणी विकास कार्यक्रम बनाई लागु गरिने छ,
- सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समृद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने,
- शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुत्व, आवास, रोजगार, सामाजिक न्याय, सामाजिक सुव्यवस्था, दिगो विकास गर्दै समाजवादको आधार खडा गर्ने,
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक सहकार्य समूह, सहकारी समूहलाई प्रोत्साहित गर्ने र भौतिक पूर्वाधार उद्योगको स्थापना गर्दै मानव सुचाङ्क को विकास गर्न योजनावद्ध र एकिकृत ढंगले अगाडि बढ्ने,
- ठूला पूर्वाधारका आयोजना निर्माण र स्तरोन्नति, स्थानीय प्राथमिकताका क्षेत्र र आयोजनामा विधि सम्मत र कानून सम्मत तरिकाले साझेदारी निकायहरुलाई आमन्त्रण गर्ने,
- कृषि, वनमा आधारित साना तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने र विभिन्न उत्पादन र रोजगारमा विशेष ध्यान दिई परनिरभरतालाई घटाउने,
- नेपालको संविधान २०७२ मा मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेका शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, आवास जस्ता विषयलाई कानून बनाई प्रभावकारी ढंगले लागु गर्ने,
- त्रिवेणी गाउँपालिका भित्र उपलव्ध साधनस्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै प्राप्त स्रोतसाधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाजको निर्माण गर्ने, समाजवादी अर्थतन्त्रको आधार खडा गर्ने,
- स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने,
- विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्ने, पछाडि परेका क्षेत्र पहिचान गरी प्राथमिकतामा ल्याउने, त्रिवेणी गौरवका आयोजना छनौट गरी कार्यन्वयन गर्ने, विभिन्न कृषि पशुपालन पकेट क्षेत्रको ब्लक तथा पकेट क्षेत्रको स्तर उन्नति गर्ने, सुचना प्रविधिलाई थप सुदृढ गराउने, विपन्न परिवारलाई आयआर्जनका उपाय सुझाउने, स्वास्थ्य क्षेत्रको दिगो र प्रभावकारी व्यवस्थापन, विपद जोखिमको व्यवस्थापन गर्ने, आयुर्वेदिक, होमोपेथिक पद्धतिको स्थापना, संरक्षण र विकास, श्रमको सम्मान गर्ने, सँस्कृतिको विकास, प्रविधि मैत्री शिक्षामा जोड, पारिवारिक र सामाजिक हिंसामा परेका व्यक्तिको पुनर्स्थापना र संरक्षण, स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठन, अनुगमन मुल्यांकनलाई व्यवस्थित गर्ने, स्वास्थ्यमा टेलिमेडिसियन सेवा संचालन गरिने छ,
- वनजंगल, वन्यजन्तु र पशुपंक्षीको चोरी पैठारी, शिकार क्षति, मिलिभगत, आगलागी, फडानी पर्यावरणीय प्रदुषण, व्यक्ति वा समुदायमा जो कसैका लागि पनि बन्चित गरेका विषय हुन्, यस्ता

दुष्मनीका विरुद्ध गोप्य सूचना दिने व्यक्ति वा संस्थालाई रु. ५०,०००।- प्रोत्साहन दिने व्यवस्था गर्ने,

- त्रिवेणी गौरवका आयोजनाहरु प्राथमिकरण गरी संघ र प्रदेश सरकार मार्फत कार्यन्वयन गर्न पहल गरिने छ,
- बजार, व्यापार व्यवसाय, औषधी पसल दैनिक उपभोग्य उत्पादित वस्तुको विक्रि वितरणमा हुने कालो बजारी, कृत्रिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने र स्थानीय बजारमा सस्तो पसल स्थापनाको पहल गर्ने।

## आ.व. ०७४/०७५ देखि ०७८/०७९ को समीक्षा

नेपालको संविधान २०७२ निर्माण पश्चात २०७५ जेठ ५ मा त्रिवेणी गाउँपालिकाको विधिवत संरचना निर्माण र लोकतान्त्रिक गणतन्त्रको पहिलो स्थानीय सरकार निर्माणपछि सरकारको तर्फबाट भए गरेका कामको समीक्षा यस प्रकार उल्लेख गरिएको छ।

### उपलब्धिका पक्षहरुः

- पहिलो वर्ष नमूना कानूनको आधारमा काम गर्नुपर्ने अवस्था रह्यो र विस्तारै कानून, कार्यविधि, नियमावली र निर्देशिका बनाएर लागु गर्दै जाने अवस्था श्रृजना भयो। आफ्नै भवन नहुँदा भाडाको घरमा बस्नुपर्ने, जनशक्तिको अभाव, जनप्रतिनिधिको कार्य अनुभवको कमी, क्षेत्रगत र विषयगत समिति आफ्नो भूमिकाबारे स्पष्ट नहुँदा सार्थक प्रतिफल भएन।
- प्राथामिकताका विषयहरु निर्धारण गरी शिक्षा, स्वास्थ्य, रोजगार, कृषि उत्पादन र पूर्वाधार विकासलाई राखी काम अगाडी बढाएको पाइन्छ। श्रम सहकारी मार्फत रोजगारी श्रृजना गर्ने, प्रविधि मैत्री शिक्षा सेवा प्रदान गर्ने, विद्यालयमा निजि शिक्षकका ठाउँमा अनुदान शिक्षक व्यवस्था, गाउँपालिका अस्पताल स्थापना, स्वास्थ्यमा ल्याब सेवा स्थापना र चेकजाँच गर्ने, वडामा स्वास्थ्य एकाई स्थापनाका कामहरु भएका छन्। बहुउद्देश्यीय सहकारी स्थापना, कृषि पकेट क्षेत्र र ब्लक निर्माण, पशुपालन ब्लक निर्माण, संघसंस्थाको संस्थागत विकास र परिचालन, विद्युतीकरण, सडक पूर्वाधारको विकास र स्तरोन्नति, पर्यटन पूर्वाधारको विकास, कोभिड-१९ को व्यवस्थापन, कृषक सहकार्य समूह गठन र परिचालन जस्ता महत्वपूर्ण कामहरुको शुभारम्भ र कार्यान्वयन भएको छ। स्थानीय पाठ्यक्रम निर्माण भएको छ, लघु तथा साना उद्योगहरु स्थापना भएका छन्, लिफ्ट खानेपानी, लिफ्ट सिंचाई संचालन भएका छन्, दहबाङ्ग खेल मैदान निर्माण, सभाहलहरु निर्माण भएका छन् । कार्यालयको लागि निशुल्क जग्गा प्राप्ति र नाइट भिजन हेलिप्याड निर्माण भएको छ ।

**सीमाहरु**

- संघीयता पछिको पहिलो सरकार भएकोले भौतिक संरचनाको अभाव, कानून नीतिको अभाव, अनुभवको कमी जस्ता विषयले गुणात्मक उपलब्धीमा बाधा श्रृजना भए।
- तीव्र जनआकांक्षा र साधन स्रोतको कमीको तालमेल नहुँदा निराशा र अन्तर विरोध श्रृजना भएका छन्, जनताका आवश्यकता र स्रोत साधनको सीमितताबारे आपसी अन्तर्क्रिया गर्नुपर्ने र बुझाईलाई एक ठाउँमा केन्द्रित गर्न नसक्नु पनि समस्या रह्यो।
- कोभिड-१९ लगायतका महामारीले पनि आर्थिक भौतिक विकासमा अवरोध श्रृजना भयो। सरकारको सम्पूर्ण ध्यान कोभिड-१९ रोकथाम र नियन्त्रणमा खर्च गर्नुपर्दा यो समस्या श्रृजना भयो।

**अब म क्षेत्रगत नीतिलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु**

**(१) <u>सामाजिक विकास क्षेत्रः</u>**

**(क) <u>शिक्षा</u>**

- पालिका भित्र २ वटा नमूना प्राविधिक विद्यालय स्थापना गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ, साथै एक वडा एक नमूना विद्यालय निति कार्यन्वयन गरिने छ ।
- बाल शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाईनेछ। बालशिक्षामा अध्ययनरत बालबालिकाका लागि निःशुल्क पोसाकको व्यवस्था गरिनेछ।
- आधारभूत तहसम्मको शिक्षा पूर्ण निःशुल्क र अनिवार्य गर्ने तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।पालिकाको एकमात्र स्नातक तह अध्ययन अध्यापन हुने सिम्रुतु क्याम्पसलाई कार्यविधि बनाई अनुदानको व्यवस्था गरिनेछ, साथै स्नातकत्तोर तह सम्मको पढाई संचालन गरिनेछ, बहुमुखि क्यापस बनाउने पहल गरिनेछ ।
- शहिदका बालबच्चा, द्वन्द्वपीडित, अपाङ्ग, टुहुरा, अतिविपन्न परिवारका बालबालिका छनौट गरी उच्च शिक्षा सम्म छात्रवृतिको व्यवस्था गरिनेछ।
- पालिका भित्रका सबै विद्यालयमा भूकम्प प्रतिरोधी पक्की भवन, बालमैत्री शौचालय, घेरावार, खेलमैदान, पुस्तकालय, प्रयोगशाला र इन्टरनेटको व्यवस्था गरिनेछ।
- शैक्षिक क्षेत्रको अनुगमन नियमित र मूल्यांकनलाई प्रभावकारी बनाइनेछ।
- शिक्षकलाई सेवामुलक तालिम र वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीलाई नेतृत्व विकास तालिमको व्यवस्था गरिनेछ।
- विद्यार्थीलाई अखाद्य बस्तु र जंग फुडबाट टाढा राख्ने दिवा खाजालाई मेनु बनाई गुणस्तरिय ताजा खाजा खुवाइने छ ।
- विद्यालयमा बालमैत्री कक्षाकोठा, स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।

- व्यापक साक्षरता अभियान संचालन गरिनेछ।
- खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिनुका साथै विद्यालयमा स्काउट, रेडक्रस सर्कलहरु गठन गरिनेछ।
- योग शिक्षा संचालन हुनेछ ।
- निःशुल्क, अनिवार्य र प्रविधि मैत्री शिक्षामा जोड दिइने छ।
- विद्यार्थी संख्या र संघ सरकारको मापदण्ड अनुसार दरवन्दी मिलान गरिने छ ।

**(ख) <u>स्वास्थ्य</u>**

- नेपाल सरकारले निःशुल्क वितरण गर्ने भनि तोकेका सम्पूर्ण औषधी र आधारभूत स्वास्थ्य सेवा निःशुल्क र प्रभावकारी तुल्याइने छ।
- एलोपेथिक अस्पताल सँगै आयुर्वेदिक उपचार केन्द्र र प्राकृतिक उपचार केन्द्र स्थापना गरिनेछ।
- टेलिमेडिसियन सेवा संचालन गरी उपचार गरिने छ ।
- रोग नियन्त्रण कार्यलाई प्रभावकारी गराइनेछ।
- सबै उमेर समूहका नागरिकहरुको स्वास्थ्य आवश्यकतालाई ध्यानमा राखी मातृ शिशु स्वास्थ्य, किशोर किशोरी मैत्री, यौनशिक्षा तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, दीर्घरोगी, एच्.आई.भी. पीडित लगायतका क्षेत्रमा कार्यक्रम निर्माण गरी लागु गरिनेछ।
- प्रत्येक वडामा बढीमा १० अतिविपन्न घरपरिवार छनौट गरी निःशुल्क स्वास्थ्य विमा गरिनेछ।
- प्रत्येक स्वास्थ्य संस्थाबाट महिलाहरुलाई मासिक एक प्याकेट सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- उच्च जोखिममा रहेका गर्भवती महिलाहरुलाई जिल्लाभित्रका स्वास्थ्य संस्थामा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।
- विभिन्न महामारी, सरुवा रोग नियन्त्रणको लागि स्वास्थ्य कर्मीको अग्रसरता र नागरिक सचेतनामा जोड दिइनेछ।
- प्रत्येक विद्यालयमा स्वास्थ्य शिक्षा संचालन गरिने छ।
- प्रत्येक विद्यालयलाई प्राथामिक उपचारका स्वास्थ्य सामाग्री र सेनिटरी प्याड उपलब्ध गराइने छ।
- स्वास्थ्य महिला स्वयमसेविकालाई यातायात, पोशाक, संचार र खाजा खर्चको व्यवस्था गरिनेछ।
- आमा समूहलाई स्वास्थ्य सम्बन्धि तालिम दिइने छ।
- गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा संचालन गरिनेछ।
- जेष्ठ नागरिक, अपाङ्ग, अशक्तलाई घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।
- पूर्ण खोप गाउँपालिका घोषणा प्रक्रियालाई अगाडी बढाइनेछ ।

## (ग) खानेपानी तथा सरसफाई

- "पिउने पानी पहुँचमा स्वच्छता र शुद्धता, एक घर एक धारा त्रिवेणी गाउँपालिकाको प्रतिवद्धता" भन्ने नाराका साथ स्वच्छ सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी योजना निर्माण तथा सरसफाई सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ।
- मानव मलमुत्र तथा फोहोर पानी व्यवस्थापन गरी मानव तथा वातावरणीय स्वच्छता कायम गराउन, आयोजनाहरु समयमै सम्पन्न गराउन र व्यवस्थित रुपमा दिगो आयोजना निर्माणमा जोड दिइने छ। फोहोर पानीको उत्सर्जन दुरुपयोग न्यूनिकरण गर्ने र फोहोर पानीको व्यवस्थापनमा जोड दिइनेछ।
- अत्यावश्यकीय खानेपानी आयोजना पहिचान गरी प्राथामिकताका आधारमा सम्पन्न गर्दै जाने र जलवायु अनुकुल हुने र विपद न्यूनिकरण गर्ने, आयोजनाको दिगोपनमा ध्यान दिनुका साथै यस विषयमा जनचेतना अभिवद्धि गरिनेछ।
- एक घर एक धारा निर्माण कार्यलाई अभियानको रुपमा संचालन गरिने छ।
- खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपन, मर्मत सम्भार, साना आयोजना निर्माण, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई सामाजिक कार्यमा आधारित रही जनसहभागितामा संचालन गरिने छ।
- लिप्टीङ खानेपानी आयोजना छनौट र कार्यान्वयन गरिने छ।
- पूर्ण सरसफाइयुक्त गाउँपालिका निर्माण गरिने छ।
- खानेपानी ट्याङ्की तथा पाइप काटी क्षति पुर्याउने, पानी चुहावट गर्ने, आफू खुसी गर्ने र अभाव श्रृजना गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

## (घ) सामाजिक तथा साँस्कृतिक प्रवर्द्धन

- त्रिवेणी गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक सम्पदा, लोककला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्दै साँस्कृतिक कलाकर्मीहरुलाई उचित किसिमले प्रोत्साहन गरिनेछ।
- सँस्कृति संरक्षण र प्रवर्द्धनका लागि त्रिवेणीमा भएका सिंगारु नाच, पञ्चेबाजा, मेलापर्व, दिवसहरुलाई समय अनुकूल परिमार्जन गर्दै जाने र साँस्कृतिक समूह गठन गरी परिचालन तथा संरक्षणमा जोड दिइनेछ।
- ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाको खोज अन्वेषनमा जोड दिने र यसतर्फ लाग्ने व्यक्ति तथा समूहलाई प्रोत्साहित गरिनेछ।
- जनयुद्ध संग्रालय, मितेरी संग्रालय संरक्षण र सम्वर्द्धन गरिनेछ।
- सबै धर्म, जातजाति र धार्मिक समुदायका परम्परा संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ।

- सामाजिक दुर्व्यसन र अपराध नियन्त्रण गर्न सर्वपक्षिय समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।

**(ङ) खेलकूद मनोरञ्जन**

- 'राष्ट्रको लागि खेल, स्वास्थ्यको लागि खेल' भन्ने नारा लाई व्यवहारमा कार्यान्वयन गरी खेल मार्फत मनोरञ्जन, तन्दुरुस्ती र आर्थिक आयआर्जन गर्ने वातावरण श्रृजना गरिनेछ।
- खेल क्षेत्रका कामलाई प्रोत्साहित गरी क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, एथलेटिक्स लगायत खेलका लागि खेलकूद मैदान निर्माण तथा युवाहरुलाई तालिमको व्यवस्था गरिने छ।
- खेल क्षेत्रका कामलाई प्रोत्साहित गर्ने, स्काउट जस्ता संस्थालाई विद्यालयमा जोड्ने, क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, बास्केटबल, कवड्डी जस्ता खेलको लागि उपयुक्त स्थान छनौट र तालिम प्रशिक्षणको व्यवस्था गरिनेछ।
- युवाहरुका लागि खेल, मनोरञ्जन, ज्ञानसीप र उत्पादन मुलक क्षेत्रको विकास गरिनेछ।

**(च) लैंगिक समानता र सामाजिक न्याय**

- महिलालाई पैतृक सम्पत्ति लगायत समग्र राज्यका सबै क्षेत्रमा विशेष अधिकार सहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ।
- महिलाहरुलाई कुनै पनि पेशामा निर्वाद रुपमा लाग्ने र समान कामको समान ज्याला उपलब्ध गराउने वातावरण श्रृजना गरिनेछ।
- जनयुद्ध र जनआन्दोलनका शहिद परिवारका लागि मासिक भत्ताको व्यवस्था गर्ने र भरपर्दो आयोजनामा शेयर लगानी गरिदिने व्यवस्था गरिनेछ।
- गाउँपालिकाका शहिदहरुको नामबाट सडक, चौतारीहरुको नामाकरण गरिनेछ।
- अपाङ्ग परिचय पत्रको आधारमा सामाजिक सुरक्षा भत्ता तथा सीपमुलक तालिमको व्यवस्था गरिने छ।
- लैंगिक हिंसा अन्त्य गरी हिंसामा परेका महिलाहरुलाई निःशुल्क कानूनी सेवा उपलव्ध गराइने छ।
- जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम तथा देश दर्शन कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ।
- सबै प्रकारका बालश्रम अन्त्य गरिनेछ।
- सामाजिक कुरीति र कुसंस्कार विरुद्ध कानूनी र सचेतना मार्फत सामाधानमा जोड दिइने छ।
- बालविवाह, बहुविवाह, जाँडरक्सी, जुवातास, बोक्सी, धामी, जादुटुना, लागु पदार्थ ओसार पसार, महिला बेचविखन लगायतका गैरकानुनी कार्यको अन्त्य गरिने छ।
- लघु उद्योगको विकास गरी महिला, दलित तथा सीमान्तकृत समुदायको लागि स्वरोजगारको व्यवस्था गरिने छ।

- दलितहरु माथि हुने सबै प्रकारका छुवाछुत र भेदभावको पूर्ण उन्मुलन गरी सामाजिक सदभावयूक्त सभ्य समाज निर्माण गरिने छ।
- विकासका लागि समतामूलक राष्ट्र निर्माण गर्नु संविधानको मूलमर्म भएकोले लैंगिक समानता, महिला शसक्तिकरण, बालबालिकाको संवेगात्मक विकास, किशोर किशोरी सचेतना जस्ता कार्यक्रम संचालन गरिने छ।
- महिलाहरुको आर्थिक, सामाजिक सशक्तिकरणका लागि व्यवसायिक सीप विकास तथा उत्पादनशिल विकासका कार्यक्रम संचालन गरिने छ।

(२) <u>आर्थिक विकास क्षेत्र</u>

(क) <u>कृषि तथा पशुपालन</u>

- त्रिवेणीबासीको मुख्य पेशा नै कृषि भएकाले कृषिलाई आधुनिकीकरण, व्यवसायिकरण र उत्पादित वस्तुहरुको बजारीकरणलाई ध्यान दिइने छ।
- कृषकहरुलाई औजार खरिद, मल तथा उन्नत बीउबिजन खरिद गर्न अनुदान र प्राविधिक सेवा प्रदान गर्ने नीति अवलम्वन गरिने छ।
- कृषक सहकार्य समूह र सहकारीहरुलाई सहुलियत व्याजदरमा ऋण उपलव्ध गराउने व्यवस्था मिलाइने छ।
- श्रम रोजगार र उत्पादनलाई केन्द्रमा राखेर एक वडा एक नमूना उत्पादन कार्यक्रम संचालन गरिने छ ।
- कृषकहरुलाई प्रोत्साहन गर्न कृषि कोष निर्माण गरिने छ ।
- उत्पादित वस्तुको बजारीकरण गर्ने गरी निजी क्षेत्र तथा सहकारी संग सहकार्य गरी काम अगाडी बढाइने छ ।
- सामुदायिक कृषि सेवा केन्द्र गठन गरिने छ ।
- भरखर जन्मेका पाडापाडी हत्या गरी खानेकुरालाई निरुत्साहित गरिने छ, पाडा संग भैंसी/गाई पालन गरी दूध खाईरहेको किसानलाई पशु कार्यालयबाट प्रोत्साहन स्वरुप रु .... उपलब्ध गराईने छ ।
- कृषकले उत्पादन गरेको वस्तु उपर अनुदान दिने व्यवस्था लागु गरिने छ ।
- कृषि उपज संकलन केन्द्र मार्फत किसानले उत्पादन गरेका वस्तु बजार सम्म पुऱ्याउने व्यवस्था गरिने छ । उत्पादित वस्तु विग्रेमा वा नष्ट भएमा राहत्तको व्यवस्था गरिने छ । यसको लागि कृषक राहद कोषको व्यवस्था गरिने छ ।
- कृषि मेला प्रर्दशनी आयोजना गरी उत्कृष्ट हुने किसानलाई पुरस्कारको व्यवस्था गरिने छ ।
- पालौं पशु कमाऊ धन भन्ने नाराका साथ पशुपालन पकेट क्षेत्र, ब्लक निर्माण गरी मासु, दूध उत्पादन गरी आयआर्जन गर्ने अवसर श्रृजना गरिने छ ।

- निशुल्क पशु विमा गरिने छ । दूध उत्पादनका लागि उन्नत जातका गाई, भैसी परिश्रमी किसानलाई साझेदारीमा उपलब्ध गराइने छ ।
- वस्तु उत्पादकको आधारमा सरकारले अनुदानको ब्यवस्था गर्ने छ ।
- उत्कृष्ट किसान छनौट गरी पुरस्कृत गरिने छ ।
- खसी बोका राँगा पालन गर्ने किसानलाई पशु चिकित्सकलाई प्राविधिक सेवा उपलब्ध गराउने ।
- स्थान विशेषको विशेषताको आधारमा तरकारी, खाद्यान्न, फलफूल, जडीवुटी उत्पादन पकेट क्षेत्र तोकी काम अगाडि बढाइने छ। किसानहरुलाई सोही अनुसार प्राविधिक सेवा औजारमा अनुदानको व्यवस्था गरिने छ।
- कृषि प्रविधि र प्राविधिकको व्यवस्था गरी किसानको घरदैलो मै कृषि सेवा उपलब्ध गराइने छ। एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्न पहल गरिने छ।
- किसानहरुलाई सुधारिएको गोठ, मल खाडल र पिसाब संकलन गर्ने ट्यांकी निर्माण गर्न प्रेरित गरिने छ।
- कृषि एम्बुलेन्स खरिद गरिनेछ।
- कृषक परिचय पत्र र कृषि स्वयम सेवकको व्यवस्था गरिने छ।
- किसानहरुलाई कृषि र पशुपंक्षी विमा कार्यक्रम संचालन गरिने छ।
- अगुवा कृषक अध्ययन भ्रमण, तालिम र उत्कृष्ठ कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ।
- व्यवसायिक पशुपंक्षीपालन, घाँस खेती, नर्सरी स्थापना गरी व्यवसायिक किसानलाई अनुदानको व्यवस्था गरिने छ।
- किसानको घरघरमा पुग्ने गरी कृषि र भेटनरी JTA प्रत्येक वडामा खटाइने छ।
- अदुवा बेसार पकेटको निरन्तरता, स्याउ तथा ओखर पकेट र गाईभैंसी पकेट क्षेत्रको विस्तार गरिनेछ।
- उन्नत मकैको बीउ वितरणमा अनुदानको व्यवस्था गरिनेछ।
- कृषक सहकार्य समूहलाई सहुलियत व्याजदरमा ऋण र कृषि सामाग्रीहरुमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ।

**(ख) <u>उद्योग वाणिज्य</u>**

- कृषि र वन पैदावरमा आधारित साना तथा मझौला उद्योगहरुको स्थापना गरी रोजगारी र आयआर्जनमा बृद्धि गरिनेछ।
- दहवाङ्गको अदुवा प्रशोद्धन उद्योग, पेदीखेतको मकै चिउरा उद्योग, सिम्रुतुको सिस्नो पाउडर र आलु चिप्स उद्योगलाई संचालनमा ल्याइनेछ।
- कोल्ड स्टोर संचालन गरी लिजमा भएका उद्योगलाई सरकारको स्वामित्वमा ल्याइनेछ।
- विद्युतीय घट्ट संचालनमा प्रोत्साहन गरिनेछ।
- दूध डेरी संचालन गर्न गाउँपालिकाका विभिन्न स्थानमा दूध संकलन केन्द्र स्थापना गरिने छ।

- बजार क्षेत्रमा फोहोर व्यवस्थापनको लागि फोहोर फाल्ने ठाउँको व्यवस्था गरिने छ।
- बजार अनुगमन र नियमन प्रभावकारी गराइने छ।
- कृषि पर्यटनको विकासमा जोड दिइने छ।
- नमुना अलैंची फारम, अदुवा उत्पादन, फलफूल उत्पादनमा जोड दिनुका साथै किसानलाई सोही अनुसारका प्राविधिक सेवा र औजारको व्यवस्था गरिने छ।
- लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी उद्योगहरुको लगत राख्ने र त्यसको प्रवर्द्धन र विकासमा जोड दिने नीति अवलम्वन गरिने छ।
- युवा स्वरोजगारको लागि सीप विकासको तालिम दिई लघु तथा घरेलु उद्योग संचालन गर्न विनाधितो, विना व्याजमा घुम्ती ऋण उपलब्ध गराउने नीति लिइएको छ।
- स्यार्पु हाइड्रो पावरमा शेयर लगानी गर्ने कार्यलाई निरन्तरता दिइने छ।

**(ग) पर्यटन**

- पर्यटन क्षेत्रको पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइने छ।
- गाउँपालिकाका सम्भावित स्थानमा होमस्टे सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ।
- सुकिदह, झनखानी, राजकोट जस्ता ठाउँहरुमा पर्यटन पूर्वाधार तयार गरिने छ।
- गुरिल्ला ट्र्याक, भ्यूटावर निर्माण, जनयुद्ध संग्राहलय, मितेरी संग्राहलय लगायत गाउँपालिका भित्र रहेका गुफा, मन्दिर, पुजा स्थलको पहिचान गरी व्यापक प्रचार प्रसार गरिनेछ।
- कृषि पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिने छ।

**(घ) सहकारी**

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समय अनुकुल परिमार्जन गरिने छ।
- सहकारीको समायोजन गरी गुणस्तरीय बनाउने नीति अवलम्बन गरिने छ।
- सहकारी शिक्षाका लागि आधारभूत तहका विद्यालयहरुमा सहकारी सम्बन्धी पाठ्यक्रमको निर्माण कार्यलाई अगाडि बढाइने छ।
- 'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी' भन्ने नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषि जन्य र वनपैदावरमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने, साथै प्रत्येक वडामा शहिद परिवार, द्वन्द्वपीडित, अतिविपन्न, एकल महिलाहरुको सहकारी संस्थामा शेयर सुनिश्चित हुने व्यवस्था मिलाइने छ।
- नेपाल सरकारबाट विकास भएको COPOMIS मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन आवश्यक सहयोग एवं सहजिकरण गरिनेछ।

- स्थानीय तहमा सञ्चालित सहकारीहरुको सहभागितामा सहकारी सञ्जाल गठन गरी सहकारीका कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारीलाई अनुदानको व्यवस्था गरिने छ।

**(ङ) <u>वित्तिय क्षेत्र</u>**

- त्रिवेणी गाउँपालिका भित्र कार्यक्षेत्र भएका लघुवित्तिय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकले तोकेको दायराभित्र रही ब्याज लिन पाउने गरी गाउँपालिकाले नियमन गर्ने छ।
- वित्तिय सहकारी मार्फत किसानहरुलाई सहुलियत व्याजमा ऋण उपलब्ध गराइने छ।
- रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनिकरणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- वैदेशिक रोजगारबाट फर्केका र गाउँमा रहेका युवाहरुको तथ्यांक संकलन गरी सीपमुलक तालिम संचालनको व्यवस्था गरिनेछ।
- बैंक तथा वित्तीय संस्थाहरुसंग साझेदारी गरी सहुलियत ब्याजमा ऋण उपलब्ध गराउन गाउँपालिकाले कोष रकम छुट्याउने छ।

**(च) <u>खानी तथा खनिज</u>**

- वातावरण प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

**(३) <u>पूर्वाधार विकास क्षेत्र</u>**

**(क) <u>स्थानीय सडक, सडक पुल तथा झोलुङ्गे पुल</u>**

- 'समृद्धिको आधार आधुनिक भौतिक पूर्वाधार' को नारालाई आर्थिक विकासको मूल नारा बनाइने छ। विकसित भौतिक पूर्वाधार विना आर्थिक समृद्धि र जनजीवनमा सहजता असम्भव भएकोले सडक, खानेपानी, विद्युत, आवास तथा सहरीकरण, सार्वजानिक भवन जस्ता विषयमा उच्च प्रथामिकता दिइने छ।
- पालिकामा हुने भौतिक पूर्वाधार निर्माण र लक्षित वर्गका कार्यक्रममा सम्बन्धित क्षेत्रका युवा तथा वेरोजगार व्यक्तिहरुलाई संलग्न गराई स्वरोजगार गराउने नीति लिइने छ।
- पूर्वाधार विकासको पहिलो आधार सडक भएकाले सडकलाई पर्यावरणमैत्री, भूगोल सापेक्ष सन्तुलित र आवश्कताको आधारमा सडक स्तरोन्नति र सडक ट्र्याक खुलाइने छ।
- साना खोलामा झोलुङे पुल र गाडी जाने खोलामा मोटर पुल निर्माण गरिनेछ।
- सडक सरसफाई, ढलनिकास र सडक सुरक्षामा विशेष ध्यान दिइने छ।

**(ख)** **<u>सिंचाइ</u>**

- पालिका भित्र रहेको पानीको स्रोतको पहिचान गरी कुलो सिंचाइ, लिफ्ट सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा जोड दिने र त्यमा प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लिइनेछ।
- निर्माणाधीन आयोजना तत्काल सम्पन्न गर्ने र पुराना आयोजनाको मर्मत संभार गर्ने कार्यलाई जोड दिइनेछ।

**(ग)** **<u>भवन तथा शहरी विकास</u>**

- सुरक्षित आवास सुविधा सबै नागरिकको अधिकार भएकोले सुलभ र सुरक्षित आवास निर्माणमा जोड दिइनेछ।
- वस्ती विकास र भवन निर्माण सम्बन्धी प्राविधिक मापडण्ड निर्माण गरी भूकम्प प्रतिरोधी भवन निर्माणमा जोड दिइनेछ।
- सार्वजानिक तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्बन्धि मापदण्डलाई ध्यान दिइनेछ।
- बजार क्षेत्रमा सार्वजानिक शौचालय निर्माण गरिनेछ।
- दुर दराजमा रहेका टोल वस्ती तथा ग्रामीण क्षेत्र भित्र खरले छाएका सबै जनताको छानो जस्ता पाताले छाउने व्यवस्था मिलाइने छ।
- सडक तथा ढल, खानेपानी र सिंचाइ क्षेत्रको प्राथामिकताका आधारमा गुरुयोजना तर्जुमा गरिने छ।
- एकिकृत वस्ती विकासको कार्ययोजना निर्माण गरी संचालन गरिने छ।
- निर्मित संरचनाहरुको अभिलेखीकरण कार्य अघि बढाइनेछ।

**(घ)** **<u>उर्जा, लघु तथा साना जलविद्युत तर्फ</u>**

- त्रिवेणी गाउँपालिकाका सबै घर परिवारमा बत्ति पुऱ्याउने कार्य तदारुकताका साथ सम्पन्न गरिने छ। सरकारी नीति अनुसार २० यूनिट सम्मको विद्युत्त खपत निःशुल्क गरिने छ।
- जलविद्युत बाहेकका सौर्य उर्जा, गोवर ग्यास, बायोग्यास जस्ता वैकल्पिक विधि पनि प्रयोग गरिने छ।

(ङ) <u>सञ्चार</u>

- गाउँपालिकाका सबै विषयगत कार्यालयहरुमा काम प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिने छ।
- कार्यालयमा विद्युतीय हाजिरी र अभिलेख प्रणाली स्थापनामा जोड दिइने छ।
- प्राविधिक सर्वेक्षण गराई आवश्यक ठाउँमा टेलिफोन टावर स्थापना गरिने छ।
- रेडियो समावेशी आवाजलाई आम जनताको सूचना प्रवाहको सारथी बनाइने छ।यसका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- संचारकर्मीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक अवसरको श्रृजना र व्यवस्था गरिने छ।
- हाल संचालनमा रहेका अस्पताल, आधारभूत तथा माध्यामिक विद्यालय, क्याम्पस, वडा कार्यालयमा द्रुत गतिको इन्टरनेट सेवा जडान गर्ने र फ्रि वाइफाईको व्यवस्था गर्ने नीति लिइने छ।
- मिडिया क्षेत्रका संयन्त्र मार्फत त्रिवेणी गाउँपालिका सरकारका गतिविधिको प्रचारप्रसारका लागि संचार कोषको स्थापना गरिने छ।

(४) <u>वन, वातावरण, फोहोरमैला तथा विपद् व्यवस्थापन</u>

**(क) वातावरण संरक्षण तथा फोहोर मैला ब्यवस्थापनः-**

- झुल्नेटा सिम्रुतु लगायत मुख्य बजार क्षेत्रमा फोहोर व्यवस्थापनको गुरु योजना निर्माण गर्ने।
- 'सफा सुन्दर हराभराः हाम्रो त्रिवेणी गाउँपालिका' भन्ने नाराका साथ कार्ययोजना बनाई लागु गरिने छ।
- फोहोर मैला व्यवस्थापनका लागि जनचेतना मूलक कार्यक्रमलाई बढवा दिइने छ।

(ख) वन वातावरण तथा विपद व्यवस्थापनः-

- वनजंगलको नक्साङ्कन र संरक्षण गरिने छ। त्यहाँ भित्र रहेका काठपात, रुखविरुवा, जडिबुटी र पशुपंक्षीको संरक्षणमा विशेष जोड दिइनेछ।
- वनसम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद् न्यूनिकरणका उपाय अवलम्वन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आयआर्जन वृद्धि गरिने छ।
- विपदको पूर्व तयारी वा पूर्व कार्ययोजना निर्माण गरी लागु गरिने छ।
- भू-क्षय हुन सक्ने उच्च जोखिम भएका स्थानहरु वडा नं. २ को पानीगैरा, झ्यामखोला, वडा नं. ४ को लोटेपानी, वडा नं. ५ को स्यानधारी, वडा नं. ७ को रिठ्याङ, कोचेरी, झाँक्रिपानी,

जलविरे, वडा नं. ८ को अर्मालीडेरा, वडा नं. ९ को पातेखोला, वडा नं. १० को सालघारी, बरनेटी लगायतका क्षेत्रमा भू-संरक्षण योजना निर्माण गरी लागु गरिनेछ।

- त्रिवेणी गाउँपालिकाको सिम्रुतु खोला, मुरुखोला, पेदी खेत लगायतले कटान हुने र बाढीले उच्च जोखिम भएका स्थानमा तटबन्धको व्यवस्था गरिनेछ।
- विपद्कोष र विपद पूर्व तयारी तथा विपद प्रतिकार्य योजना निर्माण गरिने छ।
- वनवातावरण संरक्षणका लागि राप्ती लोकमार्गको दाँया बाँया तथा वडा जोड्ने अन्य सडक क्षेत्रका विभिन्न स्थानमा स्थानीय जनसहभागीतामा विभिन्न प्रजातिका फूलहरु र बोटविरुवा रोप्ने कार्य सम्पन्न गरिनेछ।
- वन क्षेत्रको दिगो र व्यवसायिक व्यवस्थापन समृद्धि र सुखमा योगदान भन्ने नाराका साथ विश्वव्यापी रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गर्ने र प्रकृति संग अनुकूलित हुने उपायको खोजी गरी जीवन पद्धतिलाई सरल र सहज तुल्याइने छ।
- कुनैपनि विपद्/प्रकोप बाजा बजाएर आउँदैन भन्ने तथ्यका आधारमा विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना मार्फत खोज तथा उद्धार, राहत वितरण, पुनःसंरचना आदि कार्यलाई व्यवस्थित तुल्याइने छ।
- विपदमा परेका व्यक्ति/परिवारलाई तत्काल राहत्त उपलव्ध गराइने छ ।
- विपद सम्बन्धि सबै चक्रको आंकलन तथा लेखाजोखा गरी स्थानीय सरकार, प्रहरी, सेना, नागरिक समाज, रेडक्रस लगायत विभिन्न संघ संस्थासंग समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।
- वन सम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद् न्यूनिकरणका उपाय अवलम्बन गरिने छ। सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकलाई सहभागी गराई आयआर्जन बृद्धि गरिनेछ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोष निर्माण गरी विपद पूर्व तयारी, विपद् प्रतिकार्य योजना, विपद् व्यवस्थापन समिति निर्माण गरी संचालन गरिने छ।

(५) <u>सुशासन तथा संस्थागत विकास समितिः-</u>

- स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापनः सरकारी कामकाजलाई चुस्त दुरुस्त र पारदर्शी बनाउन प्रविधि मैत्री सेवालाई व्यवस्थित गरिने छ ।
- भरपर्दो इन्टरनेट व्यवस्था गरी राजस्व संकलन, सेवा प्रवाह कामलाई प्रविधि मार्फत गरिने छ ।
- गाउँकार्यपालिका, वडा, विषयगत शाखा, विद्यालय, कृषि कार्यालय, पशु कार्यालय, स्वास्थ्य कार्यालयमा आवश्यक पर्ने जनशक्ति सुनिस्चित गरी आवश्यकता भन्दा बढी भएका कर्मचारी कटौति गर्दै जाने ।

- चस्त र व्यवस्थित संगठनात्मक संरचना खडा गर्ने, कार्यक्षमता वृद्धि गर्ने, कार्यक्षमता वृद्धि गर्न तालिम, सेमिनार संचालन गर्ने।
- राजश्वको दायरा वृद्धि गरी संकलन कार्यलाई चुस्त बनाइने छ।
- सम्पूर्ण विषय र  पक्षको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने र सोही आधारमा कार्य सम्पादन गर्ने।
- निति, कानून र न्याय तथा सुशासनमा जोड दिइने छ।
- कुनै पनि गैर सहकारी संघ संस्थाले कार्यक्रम संचालन गर्दा गाउँपालिकामा आफ्नो कार्यक्रम पेश गरी सके पछि मात्र कार्य संचालन गर्ने छन् र एक द्धार प्रणालीबाट संघ संस्था परिचालन गरिने छ।
- लागु औषध कारोबार गर्ने  गराउने र सेवन गर्ने व्यक्ति समेतलाई नैतिक सामाजिक र कानंनी दायरामा ल्याइने छ।
- प्रत्येक कार्यालय प्रमुख, जनप्रतिनिधि, कर्मचारीले आफ्नो विषयको मासिक, अर्धवर्षिक र वार्षिक कार्ययोजना निर्माण गरी सम्बन्धित प्रमुख संग स्वीकृत गराई संझौता अनुसार कार्यसम्पादन गर्नु पर्ने छ।
- कार्यालयमा हुने ढिला सुस्ति, लापरवाही, अल्छीपना, घुस भ्रस्टाचार गर्ने प्रवृति जनउत्तरदायि नवनी सरकारको काम कहिले जाला घाम भन्दै पर्खने, भोलीवादी प्रवृतिका विरुद्ध जनचेतना, जनसहभागिता गराई निरुत्साहित गरिने छ।
- राज्यसत्ताबाट तलव भत्ता खाने कुनै पनि व्यक्ति आयमूलक संघसंस्था पदाधिकारी वा सदस्य हुन पाउने छैन्।
- सरकारी कामकाजको स्थिति अवस्था बारे सल्लाह सुझाव प्राप्त हुने गरी गाउँपालिकामा Free Call सेवा संचालन गरिने छ ।
- उपभोक्ता सेवाग्राहीको काम व्यवस्थित र छिटो छरितो सम्पन्न गर्न सहायता कक्ष स्थापना गरी एक जना कर्मचारी खटाई सेवा प्रदान गर्ने, गुनासो सुन्ने अधिकारी तोकी गुनासा निवारण गर्ने।
- राजस्व उत्कृष्ट तरिकाले र कार्यसम्पादनमा राम्रो गर्ने वडालाई वजेटमा प्राथामिक्ता दिनु पर्ने छ।
- आयोजनाहरुको फाइल वडा कार्यालय र गाउँपालिकामा अनिवार्य राखु पर्ने छ।

<u>भूमि व्यवस्थापन</u>

- जमिनमा मिहला किसानको एकल वा संयुक्त स्वामित्व कायम गर्ने विषयलाई अभियानका रुपमा कार्यान्वयन गरिनेछ। संयुक्त र एकल पूर्जा बनाउन प्रत्येक टोलमा छलफल आयोजना गरिनेछ। संयुक्त पूर्जा बनाउन चाहने परिवारलाई यातायात भाडा लगायतको न्यूनतम खर्च एवं व्यवस्थापनका लागि आर्थिक सहयोग गरिनेछ।
- गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ। भूमिको वर्गीकरण गरिनेछ। नीजि र सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन। सरकारी, सार्वजनिक र उपयोगमा आउन बाँकी

रहेका जमिन पहिचान गरी भूमिहीनलाई उपयोगका लागि पहिलो प्राथमिकतामा राखी उपलब्ध गराईनेछ।

- लामो समयदेखि समाधान हुन नसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ।
- अति गरिब, एकल र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ। र विकासका कार्यक्रम सञ्चालन गर्दा सीमान्तकृत भूमिहीन समुदायसम्म पुग्नेगरी तर्जुमा गरिनेछ। अति विपन्न घरपरिवार परिवार परिचय पत्रको आधारमा रासन दिने व्यवस्था गरिनेछ।
- जमिन खनजोत गरिरहेका किसानहरुको मोही हक कामय गर्ने र जोताहाको अधिकार सुनिश्चित गर्दै जमिनमाथिको द्वैध स्वामित्व समाप्त गर्न प्रत्येक स्थानीय तहमा जोताहा किसानको लगत तयार पारी उपयुक्त कदम चालिनेछ। मोही कायम नभएकोले पनि निश्चित अवधि ढुक्कले खेती गर्न पाउने व्यवस्था मिलाइनेछ।

<u>अनुगमन, मूल्यांकन र निरीक्षण</u>

- स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको गाउँपालिका स्तरीय अनुगमन समिति क्रियाशिल बनाई अनुगमन कार्य प्रणालीलाई चुस्तदुरुस्त बनाएर प्रभावकारी रुपमा सम्बन्धितयोजनाको धरातलमा पुगी निर्मित वस्तुको ठोस विश्लेषणका आधारमा अनुगमनको पाटोलाई जनअनुमोदन बनाई भुक्तानीको प्रक्रिया अगाडि बढाइनेछ। जिम्मेवारी प्राप्त अधिकारी जिम्मेवार भई नाँपजाच तथा मूल्यांकनमा यर्थाथ चित्रण गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ।
- सुरुमा बस्ती स्तरबाट योजना माग गर्ने, आएका योजनाका सम्भाव्यताका अध्ययन छलफल द्वारा निर्णय गरी सोका आधारमा बजेट सहितको प्राविधिक लागत इष्टिमेट तयार गरी काम सुरु गर्ने, काम सुरु गर्नु पहिले लागत बजेट सहितको होर्डिङ बोर्ड स्थापना सहितको पहिलो अनुगमन, काम भइरहेको विचको अवस्थामा दोस्रो अनुगमन, काम सम्पन्न भए पश्चात अन्तिम अनुगमन तथा मुल्यांकन गरे पश्चात सामाजिक लेखा परिक्षण पछि लिखित अनुगमन प्रतिवेदन उपर छलफल, गाउँपालिका अध्यक्षको परामर्श प्रतिवेदन अनुमोदन गरी भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ।
- त्रिवेणी गाउँपालिका भित्रका बजार, व्यवसाय, संघ संस्था समूह, सहकारी, वन पैदावार, वन्यजन्तु, उद्योग, खानी, सामाजिक महत्वका स्थल, सार्वजानिक कार्यालय, औषधी पसल, हस्पिटल, फार्मेसी, सडक पूर्वाधार, निजि क्षेत्रको समयसमयमा अनुगमन गरी व्यवस्थित गरिने छ।
- विकास निर्माण क्षेत्रका जटिलताको हलगरी समयसीमा भित्र कार्यसम्पादन सहजीकरण गर्न समस्या सामाधान समिति निर्माण गरी कार्यान्वयनमा सहजीकरण गरिने छ।

- त्रिवेणी गाउँपालिका भित्रका निकायका कार्यहरुलाई थप दिगो र प्रभावकारी बनाउन स्थानीय तह सरकारले विभिन्न सुझाव संकलनका माध्यमबाट सरकारको कार्यप्रणालीमा थप सुधार गरिनेछ।

<u>न्याय तथा कानुन सम्बन्धी</u>

- सार्वजानिक कार्य र सेवालाई नागरिक मैत्री व्यवस्थित प्रभावकारी जनअनुमोदन योग्य मापदण्डमा आधारित कानून निर्माण गरिने छ।
- सामाजिकसमावेशीकरण संग जोडिएको न्यायिक समितिलाई स्थानीय सरकारको अभिन्न अंगको रुपमा काम गर्ने गरी सुदृढ र विश्वसनीय तुल्याउने प्रगतिशिल न्यायको अनुभूति गराइने छ।
- न्याय सेवालाई सबैका लागि न्याय र न्यायमा समान पहुँच अभिवृद्धि गरी छिटो छरितो, निष्पक्ष प्रभावकारी, जनउत्तरदायी, सरल, पहुँच योग्य, जवाफदेही पारदर्शी, सूचना प्रविधिमैत्री बनाई न्यायिक समिति प्रति जनआस्था र विश्वासमा अभिवृद्धि गराउने तथा समतामूलक न्यायको श्रृजना गरिने छ।
- असहाय वर्गलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराईने छ।
- सामाजिक सद्भावका लागि न्यायको पहुँचलाई सुलभ बनाइ मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी स्थानीय स्तरमा सद्भावना गतिविधिहरु अवलम्बन गरिने छ।
- गरिब असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागिनिःशुल्क कानूनी परामर्श तथा सहयोग उपलब्ध गराउने नीति लिइने छ।
- मानवअधिकारका आधारभूत मूल्य मान्यताहरुलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

<u>सार्वजनिक सेवा प्रवाह तथा सुशासन</u>

- प्रत्येक वर्षमा गाउँपालिकाबाट गरिएको खर्चहरुको जनअनुमोदन गराउन सबै सरोकारवालाको उपस्थितिमा सार्वजनिक सुनुवाई तथा जनलेखा परीक्षण गरिने छ।
- "सेवा लिने घरघरबाट, सरकारी काम प्रविधिबाट" भन्ने मूलमन्त्रका साथ प्रविधिमैत्री गाउँपालिका निर्माण गरी एकीकृत सफ्टवेयरबाट करप्रणाली सञ्चालन गर्ने तथा बजार निगरानी, नक्शा डिजिटीलाइजेशन, योजना सम्झौता गरिने छ।
- गाउँपालिकाबाट गरिने प्रत्येक गतिविधिमा निष्पक्ष स्वतन्त्र सर्वमान्य सिद्धान्तलाई कानून बमोजिम अवलम्बन गरिने छ।
- गाउँपालिका भित्रका सबै वडा कार्यालयहरुमा छिटोछरितो प्रभावकारी सेवा प्रवाह गरिने छ।अनियमितता, ढिलासुस्ती, भ्रष्टाचार र विकृतिका विरुद्ध वृहत अभियान संचालन गरिनेछ।
- करको दर र दायरा बारे समयानुकूल परिमार्जन गरिने छ।
- खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ।

- गाउँ पालिकामा भएको आम्दानी तथा खर्चको मासिक विवरण गाउँपालिकाको वेवसाइटमा राखिने छ।
- शान्ति सुरक्षा अमन चयन कायम गर्न विशेष कार्ययोजना निर्माण गरी लागु गरिने छ।गाउँपालिकाको शान्ति सुरक्षा र न्यायिक समितिका काममा सघाउन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि गाउँ प्रहरी भर्ना गरी परिचालन गरिनेछ।
- सक्षम र विश्वसनिय न्यायप्रणाली, शासकीय सुधार, पारदर्शिता, जवाफदेहिता, सदाचार र प्रविधिमा आधारीत चुस्त सेवा प्रवाह नै भ्रष्टाचार रहित सदाचार युक्त समाज निर्माणको आधार भएकोले सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शीजवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई जनसहभागिता र जन विश्वासमा अभिवृद्धि गरिनेछ।
- भ्रष्टाचारः समाज विरुद्धको अपराध हो,भ्रष्टाचार गर्ने र गराउने एउटै सिक्काका दुई पाटा हुन,सचेत ढङ्गले भ्रष्टाचार गर्ने र अचेत ढङ्गले भ्रष्टाचार गर्नु फरक त होला तर दुवै समाज विरोधी तत्व हुन भन्ने मुल मर्मलाइ आत्मसाथ गर्दै भ्रष्टाचार जन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभुति दिलाइनेछ। त्यसका निमित्त सामाजिक तथा वैयक्तिक बुझाईमा सकारात्मक रुपान्तरणको थालनी गरीनेछ भने भ्रष्टाचारजन्य क्रियाकलापका बिरुद्ध निरोधात्मक एवं सम्बन्धित जिम्मेवार पक्षलाई दण्डात्मक कारबाहीलाई प्रभावकारी बनाईने छ।
- हाम्रा रणनीतिक विकास आयोजनाको कार्यान्वयनमा आईपर्ने समस्याहरुलाई हल गर्न योजना कार्यान्वयनको वस्तुनिष्ठ समयतालिका निर्माण र लागु गरिनेछ।सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन नागरिक सहायता कक्ष निर्माण गरी उपलब्ध जनशक्तिको परिचालन गरिनेछ।
- कुनै पनि रुपमा सार्वजनिक स्रोतको उपयोग हुने कार्यमा अनियमित बिल बिजक जारी तथा पेश गर्ने र किर्ते कागजात तयार गर्ने गराउने कार्यलाइ सार्वजनिक अपराधकै रुपमा लिइनेछ भने त्यस्तो संस्था वा व्यक्तिसँग कुनै कारोबार गरिने छैन। कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडी बढाइनेछ। त्यस्तो कार्यमा दवाव दिने कार्यलाइ मतियारको रुपमा लिइ कानूनी कारबाही गरिनेछ।
- निःशुल्क रूपमा जग्गा प्राप्त गर्ने वडाहरूलाई भवन निर्माणका लागि पहिलो प्राथमिकतामा राखिनेछ। आगामी ५ वर्ष भित्र गाउँपालिकाका सबै वडा कार्यालयहरूको आफ्नै भवन निर्माण गरिनेछ।
- जनतासँग अन्तर्क्रिया कार्यक्रमलाई निरन्तर रूपमा कार्यतालिका बनाइ सञ्चालनमा ल्याइने छ साथै प्रत्येक चौमासिक रूपमा सार्वजनिक निकायले गरेका कार्यहरू सार्वजनिक गर्नुपर्ने प्रावधानलाई कडाइका साथ लागु गरिनेछ।

**श्रम/रोजगार**

- शैक्षिक तथा गैह्र शैक्षिक बेरोजगारहरुको लगत तयार गरिने छ। स्वरोजगार व्यवसाय संचालन गर्न चाहने व्यक्तिलाई विना धितो कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरुसँग आवश्यक पहल गरिनेछ।
- श्रम सहकारी मार्फत कामका लागि खाद्यान्न वा स्थानीय विकासमा निर्माणका काममा श्रम प्रयोग गरिने छ।
- श्रमिकहरुको न्यायोचित हकहित तथा सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक संगठनको सुझावका आधारमा कार्यक्रम तय गरिने छ।

**लक्षित वर्गः**

**महिला, बालवालिका र जेष्ठ नागरिक**

- जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।
- महिलाहरुलाई स्वरोजगार बनाउन सीपमूलक तालिम संचालन गरी आय-आर्जनमा आत्म निर्भर बनाउने तिर जोड दिइनेछ।
- संघीय सरकारले उपलब्ध गराउने जेष्ठ नागरिक भत्ता यथासमयमै उपलब्ध गराइने छ।सामाजिक सुरक्षा भत्ता घरमै पुऱ्याउन बैंकहरुसँग समन्वय गरिनेछ। गाउँपालिकाबाट ज्येष्ठ नागरिकहरुलाई थप सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- जेष्ठ नागरिकको निःशुल्क आँखा जाँज गरी चश्मा खरिदमा ५०% अनुदानको दिइने छ।
- महिलाहरुको पैत्रिक सम्पत्तिमाथि समानहक स्थापित गर्न विशेष अधिकार सहित समान सहभागीताको ग्यारेन्टी गर्ने।
- उपभोक्ता समिति लगायतका हरेक सामाजिक क्षेत्रमा महिलाहरुकोप्रतिनिधित्व सुनिश्चित गरिने छ।
- महिलाहरुलाई पेशामा निर्वाद ढंगले लाग्ने अधिकार सहित पुरुष र महिलाको पारिश्रमिक समान हुने व्यवस्था गरिनेछ।
- बालबालिकाको पोषण र शिक्षामा विशेष ध्यान दिइने छ। असहाय असक्त बालबालिकाको संरक्षण र शिक्षामा ध्यान दिइने छ।
- ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई परिचयपत्रको व्यवस्था गरिनेछ। जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्ने र उनिहरुका जटिल समस्या समाधानको पहल गरिने छ।

**दलित**

- दलितहरु माथि हुने छुवाछुत लगायत सबैखाले भेदभावको अन्त्य गरिने छ।
- छुवाछुतलाई मानवीयता विरुद्धको अपराधका रुपमा लिई कानूनी कारवाही गरिने छ।
- सामाजिक आर्थिक क्षेत्रमा समुचित प्रतिनिधित्व सुनिश्चित गरिने छ।

- दलित समुदायका परम्परागत पेशाहरुको आधुनिकीकरण गर्न तालिम तथा प्रविधी हस्तान्तरणको कार्यमा साझेदारी गर्दै रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिनेछ।

<u>युवा</u>

- युवाहरुको क्षमता, सीप, अध्ययन, अनुसन्धान लगायतका कुरालाई व्यवस्थित र वैज्ञानिक ढंगले गर्न युवाहरुको अर्थपूर्ण सहभागिता र नेतृत्वलाई जोड दिन स्थानीय युवा नीति तयार गरी कार्यान्वयन गरिनेछ।
- शान्ति, विकास र समृद्धिका लागि युवा सहभागिता सुनिश्चित गरिनेछ।
- युवाहरुलाई सक्षम, सवल र श्रम बजारमा स्वरोजगार हुने किसिमका तालिमहरुको व्यवस्था गरिने छ।
- लागु औषधी, जाँडरक्सी, जुवातास जस्ता विकृति विसंगतिबाट युवालाई मुक्त गर्ने गरी चेतना मूलक कार्यक्रम संचालन गरिने छ।
- हाम्रा जनता अभावका बीचमा पनि हँसिला, मैत्रीपूर्ण र नयाँ प्रस्तुति विचार प्रविधिलाई सहजै ग्रहण गर्न सक्ने मेहनति, इमान्दार र आँटिला छन्। अन्धविश्वास र रुढीवादबाट मुक्त आधुनिक वैज्ञानिक सोच भएको समाज निर्माण गर्नमा युवाहरुको ठूलो भूमिका हुन्छ। नयाँ काम गर्ने जाँगर, नयाँ प्रविधि सिक्ने उत्साह, जोखिम मोल्ने साहस र इमान्दारिताको सदुपयोग गरेर नयाँ त्रिवेणी निर्माणमा जोड दिइनेछ।
- विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण, हिंसा न्यूनिकरण, स्वास्थ्य सचेतना, बालमैत्री प्रवर्द्धन, सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन इत्यादि जस्ता विषयमा बालक्लवका पूर्व सदस्यहरु, स्थानीय तहभित्र रहेका युवा क्लव, नागरिक संघ संगठन हरुसँगको समेत सहकार्यमा युवा स्वयंसेवक परिचालन गरिनेछ।
- तीनै तहका सरकार, नागरिक संघ संगठन, नीजि क्षेत्रबीचको सहकार्य गरी स्थानीय तहमा उद्यमशीलता, रोजगारीका अवसरहरु खोजी कार्य गरिनेछ।

*<u>शहिद तथा वेपत्ता परिवार र घाइते योद्धा</u>*

- १० वर्षे महान जनयुद्ध र जनआन्दोलनका क्रममा शहादत् प्राप्त गर्ने शहिदहरुको स्मृति र सम्मान हुने विशेष कार्यक्रम संचालन गरिने छ।
- शहिदका नामबाट सडकहरुको नामाकरण गरिने छ, पार्क, स्तम्भ खडा गरी इतिहासको संरक्षण गरिने छ।
- शहिदका छोराछोरीलाई शिक्षा र रोजगारीका अवसरमा प्राथमिकता दिइने छ।
- घाइतेहरुको निःशुल्क उपचारगर्ने र छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।

- शहिद परिवार समाज मार्फत शहिद परिवारका समस्याहरु केन्द्रित गरी समाधानका उपाय पहिल्याइने छ।
- शहिदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, शहिदका जीवनी प्रकाशन गर्ने, शहिद परिवार सम्मान कार्यक्रम आयोजना गरिनेछ।
- युद्धका घाइते, अपाङ्ग योद्धाहरुको संगठन निर्माण गरी उनीहरुका समस्या केन्द्रित गरी समाधान गर्न पहल गरिने छ। साथै घाइते योद्धाहरुको उच्च सम्मान गर्ने कार्यक्रम ल्याइने छ।

<u>बहुक्षेत्रीय पोषण</u>

- आर्थिक वर्ष २०७९।०८० मा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसले १०० दिनका आमा र बच्चा तथा जेष्ठ नागरिक दीर्घरोगी लाई असर गर्ने र कुपोषणको मात्रा बढ्न सक्ने भएकाले पोसिलो खानेकुरा र पोषणयुक्त कुरालाई जोड दिन यस गाउँपालिकामा सञ्चालनमा रहेको बहुक्षेत्रीय पोषण योजनालाई आ.व.०७९।८० मा प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ।
- प्रत्येक गर्भवती महिलाको घरमा हरियो झन्डा राख्ने र आमालाई खाना र शिशुलाई नाना कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- नेपालका महिला, किशोरी, र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस त्रिवेणी गाउँपालिकाले उच्च प्राथमिकतामा राखेछ।सोही अनुरुप आ.व. ०७९/०८० को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाउँपालिकाले छुट्याएको समपूरक रकम समेतलाई विषयगत तथा क्षेत्रगत विनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ।
- समाजमा विद्यमान कूरीति जस्तैः छाउपडी, बालविवाह र छुवाछुत जस्ता संस्कार र विकृति अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिनेछ। सबै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ ।

**जनप्रतिनिधि तथा कर्मचारी आचार संहिता**

- सार्वजनिक पदाधिकारीहरुको जीवन र व्यवहारलाई सार्वजनिक वस्तु वा स्रोतको रुपमा स्वीकार गरी नागरिकका सामु पारदर्शी तथा सदाचारको व्यवहारिक अनुभूति दिलाइनेछ।
- कानूनबमोजिम सार्वजनिक आय र सार्वजनिक खर्च प्रणालीबाट सार्वजनिक पदाधिकारीको निजी जीवनलाई निरपेक्ष तुल्याइनेछ।कानुन र नागरिकका नजरमा सार्वजनिक पद र जिम्मेवारीलाई खुला किताबको रुपमा स्वीकार गरिनेछ।
- कर्मचारीको कार्यसम्पादन स्तरमा सुधार गरी उत्प्रेरीत तथा खरो भूमिकायुक्त तुल्याउन कार्यसम्पादनमा आधारित विशेष प्रोत्साहनको प्याकेजको व्यवस्था गरिनेछ।

- राष्ट्रसेवक कर्मचारी पदाधिकारीमा सामाजिक चेतनाको विकास गरी, सोचमा सकारात्मक परिवर्तन जागृत गराई समाजसेवाको क्षेत्रमा कार्य गर्न उत्प्रेरीत गर्न विभिन्न तालिम, अन्तर्क्रिया, घटना परिघटनाको अध्ययन आदि क्षेत्रमा संलग्न बनाइनेछ।
- जनप्रतिनीधि तथा राष्ट्रसेवक कर्मचारीले पदीय दायित्वलाई आत्मसाथ गर्दै पूर्णरुपमा आचारसंहितालाई पालना गर्ने व्यवस्था मिलाइनेछ।
- विषयगत समिति, विषयगत कार्यालय र प्रशासन जनप्रतिनिधीको कार्यसम्पादन लाई जीवित तथा सरलिकृत बनाईनेछ।

**योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणाली**

- भूगोल तथा बिषय क्षेत्रगत रुपमा नागरीकलाई प्रत्यक्ष सहभागी बनाई संकलन गरिएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी त्रिवेणी गाउँपालिका योजना बैङ्कको निर्माण गरीनेछ। सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यन्वयन गरिने परिपाटी को व्यवस्था गरिनेछ।
- बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिवेदनका लागि सुत्र प्रणाली निरन्तरता दिइनेछ जसले गर्दा बजेट भित्रका विविध अनियमितताको अन्त्यमा थप जोड हुनेछ।
- निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आलेप प्रणाली लाई कार्यान्वयन गरिनेछ।

**संघ संस्था समन्वय र परिचालन**

- त्रिवेणी गाउँपालिका क्षेत्रभित्र,स्थानिय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी आकर्षित गर्ने नीति लिइनेछ।
- कुनै पनि सरकारी गैरसरकारी संघसंस्था निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र, आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई स्थानीय सरकार कार्यविधि बनाएर कार्यक्रम कडाइका साथ लागु गरिनेछ।
- गैरसरकारी संस्था संचालन कार्यविधि समयसापेक्ष परिमार्जन गरी प्रभावकारी बनाइनेछ। योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा एकद्वार नीति लिइनेछ।साथै सामाजिक क्षेत्रका सेवा प्रदायक संघसंस्थाहरूसँग कार्यसम्पादन करार गरी सोको कार्यान्वयन अवस्थाको निरन्तर नतिजामूलक अनुगमण र निरीक्षण गरिनेछ।
- सरकार र सामुदायिक संस्थाबिचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई उपलब्धिमुलक तुल्याउन, सबै संघ सस्थाहरुका बार्षिक कार्यक्रम पेश गर्न लगाई कार्यक्रम कार्यन्वयन तथा समन्वय सम्झौता गरिनेछ। जसले गर्दा कार्यक्रममा रहने दोहोरोपनाको अन्त्य हुनेछ भने

प्रभावकारी नियमन र अनुगमनमार्फत वास्तविक उपलब्धि हासिल हुनेछ। यसबाट संस्थागत अन्तरसम्बन्ध तथा समन्वयमा बढावा हुने हुदा संस्थागत आकर्षण र क्रियाशिलता बढ्ने अपेक्षा लिएको छु।

**बजेट कार्यान्वयन**

- बजेट कार्यन्वयनमा प्रचलित कानुनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरीनेछ। जसका लागि मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यन्वयन योजनाको निर्माण गरी, सो अनुसार कार्यन्वयनलाइ व्यवस्थित र समयबद्ध तुल्याइनेछ।
- बैधानिक रुपमा प्रक्रिया पुरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यन्वयन चरणमा प्रवेश गरिनेछ। सम्झौता वा अनुमति विना गरीएको कामलाइ कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरीनेछैन भने कार्यालयको आन्तरिक दायित्व मानिनेछैन। सम्झौता वा अनुमति विनाका कार्यलाइ अवैधानिक करार गरिनेछ।

**राजस्व प्रशासन तथा परिचालन**

- त्रिवेणी गाउँपालिका क्षेत्रभित्रका राजश्वका क्षेत्र पहिचानलाई व्यापक र बैज्ञानिक तुल्याउदै, राजश्वका दर र दायराका आधारहरुलाई वस्तुनिष्ठ तथा प्रगतिशिल बनाउँदै लगिनेछ।
- "कतै छोडिदैन र कहिँ लुटिदैन" भन्ने मान्यतालाई आत्मसाथ गर्दै, निर्धारण गरीएका आन्तरीक आम्दानीका स्रोत र क्षेत्रबाट शतप्रतिशत राजस्व संकलन गरिनेछ भने राजश्वका क्षेत्र, दर र दायरालाई सामाजिक आर्थिक अवस्था, सामाजिक न्याय, आर्थिक सहभागिताको स्तर, सामाजिकमहत्व तथा संवेदनशिलता, मानवीय स्वास्थ्य तथा सुरक्षा र विपन्नता तथा गरिवी निवारणरमा भूमिका आदिका आधारमा निर्धारण गरिनेछ।
- राजश्व प्रशासनलाई क्षमतावान, पारदर्शी र प्रविधिमा आधारित भई सुत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरिकस्तरमा राजश्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाइ भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा सञ्चालन गरिनेछ।
- त्रिवेणी गाउँपालिकासँग कुनै पनि रुपमा सम्बन्ध राख्ने संस्था, कम्पनी र त्रिवेणी भूगोल क्षेत्रभित्र कुनै पनि व्यवसाय, क्रियाकलाप तथा कारोबार गर्ने व्यक्ति वा संस्थालाइ निरपेक्ष सेवाग्राहीको रुपमा कानुनी नागरिक ठानी, सूचिकृत भएपश्चात मात्र पहिलो सेवा सम्बन्ध कायम गरिनेछ। जसले गर्दा त्रिवेणी गाउँपालिकाको नियमन तथा अभिलेख प्रणालीमा आवद्ध गर्न सकिनेछ र सूचिकृत पक्षलाइ समेत विकास साझेदारको रुपमा दावि गर्ने बैधानिक अधिकार प्राप्त हुनेछ।
- त्रिवेणी गाउँपालिका भित्रको सिम्रुतु बजार, झुल्नेटा, खौला बजार, नुवाकोट बजारलाई केन्द्रित गरी राजस्व नियमित गर्न कर संकलक खटाई नियमित राजस्व संकलन गर्ने नीति लिइनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सवै विकास साझेदार संग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्य आवश्यकता छ। यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध त्रिवेणी गाउँपालिका निर्माणको महाअभियानमा सहकार्यका लागि सम्पूर्ण सरकारी निकायहरु, निजि क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, टोल विकास संस्थाहरु एंव अन्य सरोकारवाला संग म हार्दिक अनुरोध गर्न चाहान्छु।

अन्तमा, प्रस्तुत योजना तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकरात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदै आगामी आर्थिक वर्ष २०७९/८० को प्रस्तावित योजना तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संघीय संसद तथा प्रदेश सभाका माननिय सदस्य ज्यूहरु, जिल्ला समन्वय समिति रुकुम पश्चिम, विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, वुद्धिजिवि मित्रहरु, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, टोल विकास संस्थाका मित्रहरु, विकास साझेदार मित्रहरु, ट्रेड यूनियनका मित्रहरु, शिक्षक, प्राध्यापक, पत्रकार तथा यस गाउँपालिकावासी सम्पूर्ण दाजुभाई दिदीबहिनीहरु, गाउँपालिकाका हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुर्‍याउनु हुने संचारकर्मी मित्रहरु एंव राष्ट्र सेवक कर्मचारीहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद !

............................

**गणेश कुमार के.सी.**

**अध्यक्ष**